जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) वि.सं.२०५२ सालमा पोखरामा स्थापना भएको एक गैरसरकारी संस्था हो । सहभागितामूलक अनुसन्धान र विकास कार्यक्रमका माध्यमबाट जैविक वविधताको दिगो व्यवस्थापन गरी देशभरिका स्रोतविहीन र सीमान्त जनसमुदायको गरीबी घटाई जीवनयापनमा सुधार ल्याउनु यसको प्रमुख लक्ष्य रहेको छ ।

प्रविधि विकास र प्रचारप्रसार तथा कार्यन्वयनमा सहभागितामूलक विधिलाई जोड दिंदै स्थानीय तहदेखि राष्ट्रिय र अन्तरराष्ट्रिय तहसम्मका साझेदार र सरोकारवालाहरूसँग सञ्जाल विकास गरी साझेदारीमा काम गर्ने नीति ली-बर्डले लिएको छ । यसले देशका विभिन्न जिल्लाहरूमा ७३ वटा परियोजनाहरु सफलरुपमा सञ्चालन गरिसकेको छ भने हाल २० वटा अनुसन्धान तथा विकासका परियोजनाहरु देशका विभिन्न जिल्लामा सञ्चालन भइरहेका छन् ।

कृषि विकास विभाग, नेपालमा समग्र कृषिको प्रचार-प्रसार तथा विकासको लागि नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको एक महत्वपूर्ण निकाय हो । यो विभाग नेपालभरि नै आधुनिक कृषि प्रविधिको विकास तथा विस्तार गर्न दत्तचित्त भएर लागेको पाइन्छ । कृषि क्षेत्रको समग्र बिकासका लागि कृषिसँग सम्वन्धित अन्य सङ्घ-संस्थाहरु जस्तै: नेपाल कृषि अनुसन्धान परिषद् (नार्क), कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरद्वारा विकास गरिएका उपयुक्त प्रविधिहरु देशभरि नै छरिएर रहेका आफ्ना क्षेत्रिय निर्देशनालय, जिल्ला कृषि विकास कार्यलय, कृषि सेवा केन्द्र तथा उपकेन्द्र समेत गरि लगभग ४०० भन्दा बढि कार्यलयहरु मार्फत् लागि परेको पाईन्छ । यस विभागले देशको कृषि रणनिती तयार पार्न अन्य सङ्घ-संस्था तथा दातृ निकायसँग पनि समन्वय गर्दछ । उक्त रणनितीमा आधारित भएर बार्षिक कृषि कार्यक्रमको योजना तयार पार्ने तथा कार्यन्वयन गर्ने गर्दछ ।

थप जानकारीको लागि :


स्थानीय अन्वेषण प्रवर्धन कार्यक्रम

**जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)**

गैह्रापाटन, पोखरा, कास्की
पो.ब.नं. ३२४, पोखरा, कास्की, नेपाल
फोन ००९७७-६१-५२६८३४, ५३५३५७
फ्याक्स ००९७७-६१-५३९९५६
इमेल info@libird.org
वेबसाइट www.prolinnova.net / www.libird.org

**कृषि तथा सहकारी मन्त्रालय, कृषि बिभाग**

हरिहर भवन, पुल्चोक, ललितपुर
फोन ००९७७-०१-५५२१३२३, ५५२११२७
फ्याक्स ००९७७-०१-५५२३२६९
इमेल doa@vianet.com.np
वेबसाइट http://doanepal.gov.np/


LI-BIRD

ECOSCENTRE

कृषि तथा पशु विज्ञान
अध्ययन संस्थान

टुकी सङ्घ, सुनकोसी

नेपाल सरकार
कृषि विभाग

PRACTICAL ACTION

PROLINNOVA
PROmoting Local INNOVAtion



# छानिएका स्थानीय अन्वेषणहरु